**मिति २०७६/१०/१३ मा भएको गाउँ कार्यपालिकाको ५५ औं बैठकको निर्णयहरु :**

१. नेपाल सरकार द्वारा जारि गरिएको चिकित्सक वा स्वास्थ्य कर्मी करार सेवामा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७६ अनुसार मिति २०७६/०९/१० मा भएको गाउँ कार्यपालिकाको ५३ औं बैठकको निर्णय अनुसार यस गाउँपालिका अन्तर्गत रिक्त रहेका विभिन्न पदहरुको पदपूर्ति गर्नका लागि दरखास्त आव्हान गरिएकोमा अ.न.मी. (चौथो) तहको ६ वटा दरबन्दीमा दरखास्त आव्हान पश्चात् समायोजनमा १ जना अ.न.मी यस गाउँपालिकामा आएको हुँदा अ.न.मी. (चौथो) पदको ६ वटा दरबन्दीमा बाँकी ५ वटा पदको मात्र पदपूर्ति गर्ने निर्णय गरियो ।

२. खुदी - रोप्लेफाँट - नायू - घनपोखरा सडकको लागी राष्ट्रिय योजना आयोगबाट समपुरक अनुदान अन्तर्गत प्राप्त रकम रु. २९ लाख र यस गाउँपालिकाको साझेदारी रु.२९ लाख गरी जम्मा रु.५८ लाख बरावरको टेन्डर गर्ने निर्णय गरियो ।

३. खुदी - शिउरुङ - स्याङ्गे सडकको लागि स्थानिय पूर्वाधार साझेदारी कार्यक्रम अन्तर्गत प्राप्त रु.५० लाख र यस गाउँपालिकाको रु.२० लाख गरी रु.७० लाखको संयूक्त टेन्डर गर्ने निर्णय गरियो ।

४. नेपाल सरकार, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानिय पूर्वाधार विभाग, स्थानीय तहको प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम, कार्यक्रम समन्वय ईकाई, ललितपुरको मिति २०७६/०९/२४को सुचना अनुसार यस मर्स्याङ्दी गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि बजेट माग गर्ने निर्णय गरियो । साथै स्थानिय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि २०७६ को दफा १२ को उपदफा २ बमोजिम गाउँपालिकाले व्यहोर्नुपर्ने ४० प्रतिशत रकम यस गाउँपालिकाको बजेटबाट व्यहोर्ने निर्णय समेत गरियो ।